# मानसिक स्वास्थ्य सुचांकको विकास तथा प्रयोग

स्वास्थ्य सुचना प्रणाली सम्पूर्ण स्वास्थ्य प्रणालीको महत्वपूर्ण पक्ष हो । यसको मुख्य उद्देश्य भनेको समयमै स्वास्थ्य प्रणाली अन्तर्गत उपचार तथा श्रोतहरुको आवश्यकताका सम्बन्धमा भरपर्दो सुचना प्रदान गर्नु हो । तर नेपाल लगायत विश्वका न्यून तथा मध्यम आय भएका देशहरुमा मानसिक स्वास्थ्यका सुचांकहरुको प्रयोग अथवा यसको मूल्यांकन भएको पाइँदैन । त्यसैले मानसिक स्वास्थ्यका सुचांकहरुको विकास तथा यसको मूल्यांकन गरिएको हो। यथार्थपरक र व्यवहारिक मानसिक स्वास्थ्यका सुचांकहरुको विकासका लागि Delphi method (विज्ञहरुको राय लिनका लागि इमेल मार्फत गरिएको सर्वेक्षण) प्रयोग गरी १५ वटा सूचांकहरुको छनौट गरिएको थियो । यस पश्चात् यी छनौंट भएका सुचांकहरुलाई परिवेश सुहाउँदो बनाउनका लागि विज्ञहरुसँग दुई चरणको परामर्श कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । यी छनौट भएका सुचांकहरुलाई चितवन जिल्लाका ३३ वटा स्वास्थ्य संस्थामा प्रयोगमा ल्याईयो । यी सुचांकहरु **नयाँ र पुराना बिरामीहरु, रिफर गर्ने व्यक्ति/संस्था, मानसिक समस्याको पहिचान, समस्याको गम्भिरता, गएको ३० दिनमा बिरामीले पटक्कै काम गर्न नसकेका दिनहरु, प्रदान गरिएको उपचार वा सेवा, थप उपचारको लागि रिफरल, फलोअपको मिति, फलोअपको अवस्था तथा औषधि/उपचारका लागि खर्च** रहेका थिए ।

अध्ययनको कममा सुचांकहरुको सम्भाव्यता, स्वीकार्यता तथा उपयोगीताबारे पत्ता लगाउन मिश्रित विधिको प्रयोग गरिएको थियो जसमा दुई चरणको अभिलेख फारम समीक्षा, Quantitative अध्ययन तथा अन्त्यमा Qualitative अध्ययन पनि गरिएको थियो ।



**सुझावहरु**

- ✓ **प्राविधिक जटिलताहरुलाई कम गरेर यसलाई नियमित स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा समावेश गर्न सकिन्छ ।**
- ✓ **Qualitative अन्तरवार्ताबाट प्राथमिकतामा परेका सूचांकहरु 'मानसिक स्वास्थ्य समस्याको पहिचान', 'उपचार', 'फलोअप', 'आत्महत्या दर' र 'औषधिको अभाव (stock out)' हुन् जसलाई सम्भाव्यता, स्वीकार्यता र उपयोगिताका आधारमा राष्ट्रिय स्वास्थ्य सूचना प्रणालीमा समावेश गर्न सकिन्छ ।**
- ✓ **स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा मानसिक स्वास्थ्यका सूचांकहरु समावेश गर्नका लागि सरकारले स्वामित्व लिएमा मात्र समावेश गर्ने प्रकिया छिटो हुनेछ ।**

EMERALD is funded by the European Union within the 7th Framework Programme

# नतिजा

### अभिलेख समीक्षा

**पूर्ण रुपमा भरिएको अवस्था:** दुवै चरणको अध्ययनलाई हेर्दा रोगको निदान, गम्भिरता र उपचारका सूचांकहरु पूर्ण रुपमा भरिएका थिए र यी दुवै समयमा ८० प्रतिशत भन्दा बढी भरिएको पाइयो ।

**सूचांकहरु सही रुपमा भरिएको अवस्था :** पहिलो चरणको अध्ययनको तुलनामा दोस्रो चरणको अध्ययनलाई हेर्दा सही तरिकाले भर्ने प्रक्रियामा राम्रो सुधार भएको पाइयो । दोस्रो चरणको अध्ययनलाई हेर्दा जति सूचांकहरु भरिएका थिए, ती शत प्रतिशत सही रुपमा भरिएको थियो ।

### स्वास्थ्यकर्मीहरुसँगको सर्वेक्षण:

**उपयोगिता:** तालिम पश्चात् यी सुचांकहरुको महत्व, फारम भर्ने उत्सुकता, स्पष्टता, उपयोगीता र आत्मविश्वास जस्ता कुराहरुमा ९० प्रतिशत भन्दा धेरै स्वास्थ्यकर्मीहरुको सहमति भएको पाइयो ।

**थप समय:** धेरै जसो स्वास्थ्यकर्मीहरुले प्रयोगमा ल्याइएको सूचांकहरु भर्न १० मिनेट भन्दा कम समय लगाउने गरेको पाइयो ।

### Qualitative अन्तरवार्ता

मानसिक स्वास्थ्यमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको महत्व झल्काउने धेरै सकारात्मक पक्षहरु छन् । अध्ययनका सहभागीहरुका अनुसार यी सूचांकहरुले मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको जनसांख्यिक विवरण, समस्याको पहिचान र समाधान आदिको विवरण राख्ने हुनाले मानसिक स्वास्थ्य समस्याको भारको अवस्था बुझ्न सजिलो हुन्छ । यसले अन्ततः मानसिक स्वास्थ्य कार्यक्रम त्यसै अनुरुप बनाउन सहयोग पुग्ने, रोगको भारको आधारमा औषधिको आपूर्ति गर्न, सेवाग्राहीको अवस्थामा आएको सुधार थाहा पाउन र त्यसै अनुरुप उपचारको योजना बनाउन सजिलो हुने व्यक्त गरेको पाइयो ।

***"यदि यसलाई सरकारी स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीमा समावेश गरेमा हामीलाई सजिलो हुने थियो। त्यसबाटै प्रतिवेदन बनाउन सकिन्थ्यो। थप फारमहरु भर्नुपर्ने थिएन "***

***"तथ्यांकबिना हामीलाई कहाँ के भइरहेको छ, हाम्रो कामको परिणाम, हामीले गरेको कामले चाहिएको नतिजा आयो कि आएन भन्ने थाहा हुँदैन। यसले हामीलाई वास्तविक यथार्थ बुझ्न मद्धत गर्छ। यसका साथै हामीलाई कुन क्षेत्रमा सुधार जरुरी छ भन्ने कुरा बुझ्न मद्धत गर्छ "***

For Further Information: TPO Nepal, Baluwatar, Kathmandu, Nepal tponepal.org tponepal@tponepal.org.np
+977-01-4431717/4437124/4424082. Emerald Website: http://www.emerald-project.eu